# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

## नगर कार्यपालिका वैठक

## वैठक संख्या ६/०७६/०७७

आज मिति २०७६ पुष १४ गते विहान ८:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क्र | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवनराज सुवेदी | वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री ~~रुद्रबहादुर लिम्बु~~ प्रेम बहादुर तामाङ | का.वा. वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क.सं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३१. | श्री विनोदकुमार पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ३२. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

बैठकमा छलफल र निर्णय भएका विषयहरु –

(१) स्वागत, परिचय र धन्यवाद ज्ञापन सम्बन्धमा :–

→ धरान उप-महानगरपालिकाको रिक्त रहेको नगर प्रमुख पदमा मिति-२०७६।८।१४ गतेको उप-निर्वाचनबाट निर्वाचित हुनु भएका नगर प्रमुख श्री तिलक राई ज्यू लाई उप-प्रमुख श्री मञ्जु भण्डारी सुवेदी ज्यू लगायत सम्पूर्ण कार्यपालिकाका सदस्य ज्यू हरुबार फूलको माला लगाएर कार्यपालिका बैठकमा स्वागत गर्नु भयो। सो पश्चात सोहि मितिको उप निर्वाचन बाट निर्वाचित हुनुभएका ६ नं. वडा अध्यक्ष श्री जीवतराज सुवेदी ज्यू लाई स्वागत साथै करिब डेढ वर्ष सम्म नगर पालिका र कार्यपालिकालाई नेतृत्व प्रदान गर्नु भएकोमा उप-प्रमुख श्री मञ्जु भण्डारी सुवेदी ज्यू लगायत कार्यपालिकाका सदस्य ज्यू हरुलाई नगर प्रमुख ज्यू बाट धन्यवाद ज्ञापन साथै परिचय आदान प्रदान गरियो।

(२) धरान महोत्सव २०७६ मनाउने सम्बन्धमा :–

→ धरान महोत्सव २०७६ मनाउने सम्बन्धमा तपशिलका निर्णयहरु गरियो

(क) महोत्सव मनाउने समय सम्बन्धमा –

– विगत वर्षहरुदेखिनै धरान उप-महानगरपालिकाले मनाउँदै आएको धरान महोत्सव यस वर्षको २०७६ पुष १८, १९ र २० गते विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाउने।

(ख) उक्त कार्यक्रमको उद्घाटन ~~समारोह~~ प्रदेश नं. १ का सभामुख माननीय प्रदीप कुमार भण्डारी र समापन समारोह प्रदेश नं. १ का मुख्यमन्त्री माननीय शेरधन राई ज्यूको प्रमुख आतिथ्यता रहने।

(ग) महोत्सव मनाउन नगर प्रमुख संयोजक, उप प्रमुख सहसंयोजक, प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव र सम्पूर्ण वडाध्यक्ष तथा कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, संघ संस्थाका प्रमुखहरु, क्याम्पस तथा विद्यालयका प्रमुखहरु, बैंक तथा वित्तिय संस्थाहरु, सुनसरी उद्योग वाणिज्य संघ, लगायत सदस्य रहेको मूल आयोजक समिति रहने।

(घ) नगर प्रमुख संयोजक, उपप्रमुख सहसंयोजक, र प्रमुख प्रशासकीय अधिकृत सदस्य ~~सचिव~~ र तपशिलका ४ जना वडाध्यक्षहरु सदस्य रहेको तपशिलको ११ सदस्यीय सचिवालय समिति गठन गर्ने –

– सदस्य – पर्यटन विकास समिति सहसंयोजक

– सदस्य – सुनसरी उद्योग वाणिज्य संघ

– सदस्य – धरान प्रज्ञा प्रतिष्ठान संयोजक

– सदस्य – वडाध्यक्षहरु वडा नं. ९, १२, १६ र १८

– सदस्य सचिव – राजस्व, पर्यटन तथा सूचना महाशाखा प्रमुख –

(ङ) धरान महोत्सव २०६६ को अवसरमा पुष २० गते धरान उप-महानगर क्षेत्रमा सार्वजनिक विदा दिने।

(च) पेश भएका उप-समितिहरु अनुमोदन गरियो।

(छ) अनुमानित बजेट तपसिल अनुसार रहने -

→ सामान्यतय व्यय रकम रु २२८००००।- रहने अनुमान

◉ धरान प्रज्ञा प्रतिष्ठानबाट रु ६०००००।-

⊙ नगरपालिका तर्फको अन्य स्रोत बाट रु १०१००००।-

⊙ साझेदारी तथा प्रायोजन बाट रु ४६००००।-

(ञ) उपचार सहयोग सम्बन्धमा :

(क) २०६३ सालको जन आन्दोलन पश्चात सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित धरान उप महानगरपालिका (तत्कालिन नगरपालिका) का नगरप्रमुख हाल क्यान्सर रोगको उपचार गर्दै रहनु भएकाले वाहाको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै वाहाको उपचारको सहयोगका लागि रु २०००००।- (दुई लाख) उपलब्ध गराउने निर्णय गरियो।

(ख) त्यस्तै धरानको राजनीतिक, शैक्षिक, साँस्कृतिक साथै यातायात व्यवसायको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउनु भएका हाल इटहरी निवासी ओम कोइराला मृगौला रोगबाट पिडित भै उपचाररत रहनु भएकोले वाहाको समेत शिघ्र स्वास्थ्य लाभको कामना सहित वाहाको उपचारका लागि रु १०००००।- (एक लाख) सहयोग गर्ने निर्णय गरियो।

आजको बैठक १०.४५ मा सम्पन्न भयो -